# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २ गते ०८ साल

## भाग ४

## खाद्य तथा भूमिव्यवस्था—मन्त्रालयको विज्ञप्ति

०८।८।२८

हिजोआज एकथरी आफ्ना स्वार्थसिद्धिमा लागेका मानिसहरूले आफूहरूलाई कुनै संघ र दलको भनी सीधासाधा किसानहरूलाई उनीहरूले तलसिङकहाँ तिर्नुपर्ने कुत बालीको धान, चामल आदि बाली बुझाउन लैजान लाग्दा—तिमीहरूले हुन्छ बुझाउनुपर्दैन, भनेर छेकथुन गरेको रिपोर्टहरू यस मन्त्रालयमा ठाउँठाउँबाट आइरहेका छन्।

यस मन्त्रालयलाई यो पनि ज्ञात भएको छ कि सीधासाधा रैतीहरूलाई—कुत बाली आदि बुझाउन लग्यौ भने गाउँबाट निकाला हुनेछौ, बहिष्कृत हुनेछौ,- भन्ने डर धमकीहरू पनि दिने गरिरहेछन्। यस किसिमका समाजविरोधी कारवाई गरी किसानवर्गलाई भडकाउन खोज्नेहरू देशद्रोही हुन् र यस्ता समाज—विरोधीलाई यस विज्ञप्तिद्वारा कडा चेतावनी दिइन्छ कि देश समाज र आफ्नो भलाई सम्झी यस्तो समाजविरोधी कारवाई नगरून्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारले यस्ता समाजविरोधीहरू उपर कडा नजर राख्दैछ र उनीहरूले यस किसिमको कारवाई गर्न छाडेनन् भने सरकारले कडा सजाय गर्न बाध्यसमेत हुनेछ। यस किसिमको कारवाईबाट खाद्यान्नको बजारको दरभाउमा के असर पर्छ, सो जनतालाई जाहेरै छ। किसानहरूले पनि यस्ता समाजविरोधीहरूको भनाइमा नलागी आफ्नो आफ्नो तिरो भरो तथा कुत बाली ऐन सवालबमोजिम बुझाउने गर्नू। यसबारे ०८ साल कार्तिक २६ गते नेपाल गजेटमा सूचना-समेत प्रकाशित गरिसकेको छ।

---

जनतासँग पनि अनुरोध गरिन्छ कि यस्ता गैर कानूनी तरिकाले अन्न अनाज छेकथुन गरी समाजविरोधी कारवाई गर्नेहरूको सूचना सरकार-छेउ पठाउने गर्नुहोला र सरकारलाई सहयोग दिनुहोला।

---

सेक्रेटरी—

खाद्य तथा भूमिव्यवस्था—मन्त्रालय.

## खाद्यमन्त्रालयको सूचना

०८।८।२७

भारतबाट अथवा अन्यत्र ठाउँबाट नेपालको लागि गहुँको मैदा र गहुँसमेत ल्याई बिक्री वितरण गर्न मनसुबा हुने अनुभवी बेपारीहरूले तपसीलका कुराहरू स्पष्ट खुलाई यस मन्त्रालयमा आजका मितिले २० दिनभित्र लाहाछाप लगाई आवेदनपत्र हुलाकबाट—सेक्रटरी खाद्यमन्त्रालय, सिंहदरबारको नाममा चलाउनू। हुलाकबाट नआएका आवेदनपत्रमा कारवाई गरिनेछैन।

तपसील

१ भारतको कुन ठाउँबाट गहुँको मदा अथवा गहुँ फी. महीना कति ल्याई कुनकुन जिल्लाहरूमा र सदरमा समेत फी. सेर अथवा फी. धार्नी कतिसम्म मोलमा बेच्न सक्नुहुन्छ, सो सबै खुलाउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

96-B